# तारकेश्वर गाउँपालिकाको दशौं गाउँसभा अधिवेशनमा गाउँपालिकाका अध्यक्ष
# "श्री शिव अधिकारी"
# द्वारा प्रस्तुत

# आर्थिक बर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

तारकेश्वर गाउँपालिका
नुवाकोट
२०८१।०३।१० सोमबार

**यस तारकेश्वर गाउँपालिका दशौं गाउँसभाका उपाध्यक्ष ज्यू, गाउँसभाका सचिव ज्यू, गाउँसभाका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु, पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु, सबैलाई नीति तथा कार्यक्रम प्रस्तुत गरिने यस गरिमामय सभामा न्यानो स्वागत तथा अभिवादन ज्ञापन गर्दछु ।**

- यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु, जनप्रतिनिधि लगायत सम्पुर्ण राजनीतिक दलका पदाधिकारीहरु, बुद्धिजिवी महानुभावहरु, समाजसेवी तथा शिक्षा प्रेमी लगायत विभिन्न क्षेत्रमा आबद्ध व्यक्तित्व सबैमा हार्दिक आभार सहित तारकेश्वर गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस ऐतिहासिक समारोह मार्फत नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरी ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् विविध राष्ट्रिय सन्दर्भहरुमा प्राण आहुति गर्नुहुने सबै ज्ञात-अज्ञात सहिदहरुप्रति उच्च सम्मान तथा श्रद्धासुमन अर्पण गर्दछौं ।
- राज्यले लिएको दीर्घकालिन सोच *'समृद्ध नेपाल, सुखी नेपाली'* र दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु परिवर्तन अनुकूलित विकास तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, नीजि क्षेत्र र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत समुदायको साझेदारी विकास गरिनेछ । सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहाना र आम नागरिकप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने उद्देश्यका साथ हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं।
- **"गन्तव्य तारकेश्वर"** भन्ने नारा का साथ तारकेश्वर गाउँपालिकालाई नुवाकोट जिल्ला भरिकै उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, आम जनताको जिवनस्तर सुधार सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा बस्ती विकासलाई यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकताहरुको रुपमा राखिएको छ।
- नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र र संघ, प्रदेश र स्थानीय सरकार बिचको सहकार्य, समन्वय र सह-अस्तित्व समेतको भावना र मर्म अनुसार

नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ति सहितको नीति तथा कार्यक्रम समेतलाई हृदयङ्गम गरी यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्नलिखित दस्तावेजहरुलाइ आधारको रुपमा लिइएको छ ।

- नेपालको संविधान
- सोह्रौं योजना अवधारणा पत्र तथा दीर्घकालीन सोच २१००
- संघ तथा बागमती प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु
- दीगो विकास लक्ष्यहरु
- यस गाउँपालिकाका विषयगत दायित्व तथा प्राथमिकताहरु
- स्थानीय आवश्यकता र संभावनाहरु

<u>गाउँसभाका सदस्यज्यूहरु</u>,

अब म गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रम तर्फ यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु ।

- यस प्रस्तावित नीति तथा कार्यक्रमले स्थानीय स्रोत साधनको दिगो पहिचान र प्रवर्द्धन, मानवीय क्षमता विकास, दिगो र गुणतरीय पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, महिला शसक्तिकरण, स्थानीय संभावनाहरुको पहिचान र परिचालन, स्थानीय औद्यौगिकरण, जलवायु परिवर्तन अनुकुलित कृषि क्षेत्रको विकास, छिटो-छरिमतो प्रभावकारी सेवा प्रवाह, समन्यायिक विकास तथा वितरण प्रणाली र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने तर्फ केन्द्रित रहि **"सम्वृद्ध तारकेश्वर र सुखी तारकेश्वर"** भन्ने मुल नाराका साथ यस तारकेश्वर गाउँपालिकाको अन्तिम गन्तव्य विकास, शान्ति, सुशासन र समृद्धि हाँसिल गर्दै समतामूलक समाज निर्माण गरिनेछ ।

- यस पश्चात् म यस नीति कार्यक्रमको क्षेत्रगत प्राथमिकता तर्फ प्रवेश गर्न चाहन्छु ।

## क. पूर्वाधार विकास तर्फ

### १. स्थानीय सडक तथा यातायात पूर्वाधार

१.१. सेरा चौर कालिमाटी छापदाङ गोर्स्याङ सडक प्रदेश सरकारको सहकार्यमा तत्काल कालोपत्रे गर्ने कार्य सम्पन्न गरिनेछ।

१.२. आगामी आ.व. को बजेट मार्फत प्रत्येक वडाका सबै मूल सडकहरु ग्राभेलिङ गरि वर्षैभरि सहज यातायात सञ्चालनको व्यवस्था मिलाइनेछ । स्थानीय सडकको विस्तार तथा नयाँ सडकहरुको निर्माण गर्दा गाउँपालिकाको विकट क्षेत्रहरुमा समेत सहज पहुचँका लागि विशेष प्राथमिकता दिईनेछ। पूर्वाधार निर्माणको क्रममा स्थानीय सभ्यता संस्कृति तथा सम्पदामा हुन सक्ने क्षतिलाई शून्य सहनशीलताको नीति लिई सम्बन्धित निर्माण व्यवसायी वा उपभोक्ता समितिबाट क्षतिपुर्ति भराइने व्यवस्था गरिनेछ ।

१.३. त्रिशुली नदि किनारमा रहेको नदिजन्य कच्चा पदार्थ प्रशोधनका लागि तत्काल प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** ले निर्धारण गरेको मापदण्ड अनुसार गाउँपालिका भित्रका कच्ची सडकहरु स्तरोन्नतिको कार्य गरिनेछ ।

१.४. संघीय सरकारको लागत साझेदारीमा विनपा -३ भिरपानी कुवापानी मजुवा भमरा सडक वडा नं -६ स्तरोउन्ती गर्नका लागि कालोपत्रेको कामलाई निरन्तर दिइनेछ ।

१.५. प्रदेश सरकारको लागत साझेदारीमा कोल्डाडा सिम्लेवेशी खोले वेसि पिमलटार उपल्लोडी सडक तारकेश्वर-२ कालोपत्रे सडक निर्माण गरिनेछ ।

१.६. वडा नं. ६ को कार्यालय, हल्ले भमरा हुँदै डाँडाखर्क सडकलाई पक्कि नाली सहित कालोपत्रे गरिने कार्यको सुरावात गरिनेछ।

१.७. वडा नं.४ को छत्रेखोला–बुधसिङ–तारुका–जोरचौतारा हुँदै धादिङ जोड्ने सडक कालोपत्रे गर्ने कार्यको सुरुवातको व्यवस्था गरिनेछ ।

१.८. महांदेव फांट पुल बुधसिङ नेवारपानी जोरचौतारा सडक,पहरेपानी सालबोटे सडक तारकेश्वर-४, भवनडाँडा नेवारपानी सिउरेपानी पौडेलडाँडा सडक तारकेश्वर -२, ३, ४ र १, भ्याउरे खोला सडक पुल र छत्रेखोला सडकपुल निर्माण कार्य गरिनेछ । पिमलटार हुँदै खोलेबेसी कोल्डांडा सडक, बरधुङ नवज्योति स्कुल वस्तीटोल सडकको स्तरोन्नती गरिनेछ।

१.९. आगामी आर्थिक वर्षमा टुक्रे योजना तथा कार्यक्रम पूर्णत निरुत्साहित गर्दै एक वडा एक गौरवको योजना सञ्चालन गरिनेछ । असारे विकासलाई आगामी वर्ष अन्त्य गर्न योजना सम्झौताका कार्यलाई भदौ महिनाबाट शुरु गरिनेछ । साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रकृयामार्फत गरिनेछ ।

१.१०. तारकेश्वर स्तरीय फनपार्कको निर्माण शुभारम्भ गरिनेछ।

१.११. गाउँपालिका बाट सम्झौता भएका बजेट कार्यक्रमको कार्यान्वयन गरिनेछ।

१.१२. गाउँपालिकाको कार्यालय सम्म आवातजावातको निम्ती अधुरा रहेका सडकहरु चन्दनी नेवारपानी सिम्ले दाङसिङ, स्वास्थ्य चौकी छत्त्रे खोला हल्लेफाँट, माने डाँडा हल्लेफाँट, मच्छेखोला शंखादेवी हुँदै हल्लेफाँट कात्तिके खनालगाँउ सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी सञ्चालन हुने सडकहरुको स्तरोन्नती गरिनेछ ।

**२. सिंचाई**

२.१. समग्र गाउँपालिकामा कृषि क्षेत्रको उच्चतम विकासका लागि सिँचाइको आवश्यक उचित प्रबन्ध मिलाइनेछ ।

२.२. बुधसिङ कालीमाटी सिंचाई योजना तारकेश्वर -४, ५ निर्माण कार्य सञ्चालन गरिनेछ ।

२.३. बुढोकुलो आङ्गेफाँट सिचाई योजना, सांधीखोला पिपलबोट सिंचाई योजना तारकेश्वर -३, एकवार डुंढे सिंचाई योजना, सालवोटे सिउडीबोटे सिंचाई योजना, खंगारीबोटे माथिल्लो कुलो सिंचाई योजना तारकेश्वर-४, बांसफेद मुहान गरी घरखेत सिंचाई योजना तारकेश्वर-६, च्याम्पेखोला तारीखेत सिंचाई योजना तारकेश्वर -१ गौड उपल्लोडिही, ठूलोटार, माझटार सिंचाई योजना तारकेश्वर -२ हल्देफांट सिंचाई योजना तारकेश्वर गाउँपालिकाको समन्वयमा बागमती प्रदेश सरकारबाट सञ्चालन हुनेछ ।

**३. भवन निर्माणः**

३.१. ठेक्का म्याद थप गरी निर्माणधीन प्रशासकीय भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरि संघीय सरकारसँगको साझेदारीमा भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

३.२. भवन निर्माण आचार संहिता लागु गरि नक्सा पास कार्यविधि समेत निर्माण गरि लागु गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आर्थिक विकास तर्फ लिइएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छुः

**ख. आर्थिक विकास तर्फ**

**१. कृषि तथा पशुपालनः**

१.१. कृषि क्षेत्रको प्रवर्धन र विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ र कृषकहरुलाई प्रोत्साहनका लागि उच्च प्राथमिकताका साथ विशेष कार्यक्रमको व्यवस्थापन तथा बजेट विनियोजन गरिनेछ। कृषि क्षेत्रको प्रवर्धन र विकासका लागि नविनतम प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यक्रमहरुको तर्जुमा गरिनेछ।

१.२. कृषकहरुलाई प्रोतसाहनका लागि **किसानसँग अध्यक्ष** कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ।

१.३. खाद्यान्न, फलफूल, तरकारी र पशुपालनको व्यावसायिक उत्पादनका लागि पकेट क्षेत्र विकास गर्न प्रदेश सरकारले अवलम्बन गरेको समुदायमा आधारित ***एक वडा एक कृषि उत्पादन*** कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यसरी उत्पादित वस्तु तथा कृषि उपजको बजारीकरणका लागि सहकारी तथा नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

१.४. बाँझो जग्गाको सदुपयोग गर्न प्रोत्साहित गर्दै बाँझो जमिनहरुमा सामुदायिक तथा करार खेतीमा आधारित एकिकृत कृषि प्रणाली मार्फत सामुदायिक खेतीको विकास गर्न आवश्यक पहल गरिनेछ ।

१.५. विषादीबाट मानव स्वास्थ्यमा पर्ने दुर्गामी असरलाई मध्यनजर गर्दै रासायनिक मल तथा विषादीको प्रयोग कम गर्दै प्राङ्गारीक मल, जैविक मल र जैविक विषादीको प्रयोगबाट जैविक खेतीका लागि विभिन्न प्रविधि मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ । अर्गानिक कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई विशेष प्राथमिकतामा राखि अनुदान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.६. रासायनिक मल वितरणका लागि आवश्यक सिड मनि कार्यविधि तयार गरी सहकारी संस्थाहरुसँग समन्वय गरी आवश्यक कार्यक्रम गर्ने र कृषिजन्य वस्तुको उत्पादनमा सहभागी कृषक समूह र सहकारीसँग उत्पादन, भण्डारण, ढुवानी तथा बजारीकरणमा साझेदारी गरिनेछ ।

१.७. पशुहरुमा देखा परेका महामारि तथा प्रकोपजन्य लम्पी स्किन, खोरेत जस्ता रोगको नियन्त्रणको लागि औषधि तथा उपचारको पर्याप्त मात्रामा व्यवस्था गरिनेछ । चालु आ. ब. २०८०/०८१ मा लम्पी स्किनबाट क्षति पुगेका परिवारलाई भुक्तानी बाँकी बजेटको व्यवस्था गरिनेछ ।

१.८. व्यावसायिक पशुपालनका गरी दुध उत्पादन बृद्धि र बाख्रापालन बृद्धिका लागि आवश्यक आहारको रुपमा घाँसको विउ वितरण कार्यलाई निरन्तरता प्रदान घाँस उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१.९. कृषक तथा कृषि व्यवसायीहरुको पशुहरुमा रोग, महामारी तथा प्रकोपजन्य कारणबाट हुने पशुधनको क्षतिबाट हुने हानी नोक्सानी न्युनिकरणका लागि पशु विमा कार्यक्रम कार्यान्वयनका लागि कृषकहरुमा प्रोत्साहन गरिनेछ।

१.१०. रैथाने बालीहरुको प्रवर्द्धनको लागि सम्भाव्यता क्षेत्रको अध्यायन गरी विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

१.११. वडाहरुमा सञ्चालित घुम्ती शिविर, बालि उपचार शिविर जस्ता विशेष कार्यक्रमहरुको संचालन गरि माटोको गुणस्तर परीक्षण, कृषि उपजहरुमा लाग्ने रोगहरुको पहिचान र निदान गर्ने कार्यक्रमहरुलाई सवै वडाहरुमा सञ्चालन गर्न थप बजेटको व्यवस्था गरिनेछ ।

१.१२. व्यावसायिक कृषि तथा पशुपालन गर्ने कृषकलाई सहज बजारीकरण तथा क्षति जोखिमको लागि योगदानमा आधारित अनुदानको कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

१.१३. गाईभैसीं सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ । एक वडा एक जुनोटिक रोग (पशुपंक्षीबाट सिधै मानिसमा सर्ने रोगहरु) स्कुल शिक्षा कार्यक्रम संचालन गरिनेछ ।पशुसम्बन्धी घुम्ति सेवा कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१.१४. गाउँपालिका भित्रका किसान सुचिकृतबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी कृषकहरुको एकिकृत कृषक प्रोफाइल तयार गरिनेछ।

२. **घरेलु , लघु उद्यम तथा रोजगारी:**

२.१. गाउँपालिकाको समग्र आर्थिक विकास तथा रोजगारी बृद्धि गर्न घरेलु तथा लघु उद्योगहरुको विकास र स्थापनामा जोड दिने निति लिईनेछ।

२.२. रोजगारीका अवसरहरुको वृद्धि गर्न विँभिन्न सिपमुलक तालिम जस्तै सूचना प्रविधि सफ्टवेयर उत्पादन तथा संचालन तालिम, प्लम्वर तालिम, इलेक्ट्रोनिक्स मर्मत तथा ईलेक्ट्रीकल वाइरिङ तालिम, हेयर कटिङ तालिम, नर्सरी कृषि तालिम, लप्सी क्यान्डी उत्पादन तालिम, अगुवा कृषक तालिम, महिलाको आयस्रोत तथा जिविकोपार्जन हुने गरी विभिन्न तालिम सञ्चालनका लागि आवश्यक बजेटको प्रबन्ध मिलाईनेछ।

२.३. प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको तादम्यता गरी प्रचलित नीति कानुन बमोजिम हुने गरि स्थानीय आवश्यकताको आधारमा योजना तथा कार्यक्रमहरु साझेदारीमा सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत कम्तिमा १००० जना बेरोजगार युवाहरुलाई १०० दिनको रोजगारीको प्रत्याभूति गरिनेछ ।

२.४. स्थानीय युवाहरुलाई स्वरोजगार बन्न प्रोत्साहन गर्दै स्थानीय तहमा रोजगारीका क्षेत्रहरुको विकास र रोजगार सिर्जनाका लागि साक्षर यूवायूवतिका लागि मोटरसाइकल मर्मत, सिलाईबुनाई, डोजर अपरेटर तालिम, मोबाइल, घडी मर्मत, ब्युटीसियन, रंगरोगन, प्लम्बिङ, क्रिस्टल निर्माण, बेतबाँस तथा हस्तकला, हाउसवायरिङ, जस्ता विविध प्रकृतिका तालिमको थप व्यवस्था मिलाइनेछ ।

२.५. मेड्पा कार्यक्रमलाई थप प्रभावकारी बनाउन **<u>अध्यक्षसँग उद्यमी</u>** कार्यक्रम तथा स्वरोजगार तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ । विभिन्न मापदण्ड तयार सो बमोजिम पुरस्कार तथा लक्षित अनुदान कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

२.६. स्थानीय सेवा तथा संघिय र प्रदेश निजामती सेवा तर्फ लोकसेवा आयोग, शिक्षक सेवा आयोग जस्ता प्रतिस्पर्धात्मक परिक्षामा सहभागी हुन इच्छुकहरुका लागि पालिकाको सिफारिस बमोजिम निशुल्क तयारी कक्षाका लागि बजेट व्यावस्था गरिनेछ ।

२.७. गाउँपालिका भित्र रहेका व्यवसायिक पसल, उद्योग, कृषि फर्म, पोल्ट्री फर्म र अन्य फर्महरुलाई गाउँपालिकामा अनिवार्य सूचिकृत गराउन र दर्ता भएका फर्महरुलाई नवीकरण गरी कानूनी प्रक्रियाले अघि बढाउने तथा करको दायरामा समावेश हुन प्रोत्साहन गरिनेछ ।

२.८. स्थानीय उत्पादनहरुको व्यवसायिक बजारिकरणका लागि आवश्यक नीतिहरु निर्माण गरी समयानूकुल संशोधन नीति लिईनेछ ।

३. **पर्यटनः**

३.१. आन्तरिक तथा बाह्य पर्यटन विकास तथा प्रवर्द्धनको लागी **"<u>गन्तव्य तारकेश्वर अभियान कार्यक्रम</u>"** संचालनका लागि निरन्तरता दिइनेछ ।

३.२. माघे संक्रान्तीमा मनाइने तारुका गोरु जुधाई पर्वलाई राष्ट्रिय पर्वको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन आवश्यक थप बजेटको व्यवस्था गरिनेछ ।

३.३. पर्यटन व्यवसायको विकासका लागि स्थानिय परिकार र खाद्य उत्पादनको ब्रान्डीङ तथा बजारीकरणको लागि सम्भाव्यता अध्यायन गरिनेछ ।

३.४. नीजि तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी आन्तरिक तथा बाह्यय पर्यटन प्रबर्द्धनको विकास तथा विस्तार गर्ने नीति लिइनेछ।

३.५. तारकेश्वर गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय गन्तव्यहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्नका लागि विभिन्न माध्यमबाट प्रचारप्रसारको व्यवस्था मिलाइनेछ।

३.६. तारकेश्वर गाउँपालिका भित्रका विद्यालयको मौलिक गतिविधि झल्काउने गरी तारकेश्वर -४ भञ्ज्याङखर्कमा निर्माणधिन पालिकास्तरीय शैक्षिक पार्कको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

३.७. वडा नं ५ मा रहेको तामाङ संग्रहलय निर्माणको कामलाई निरन्तरता दिईनेछ ।

३.८. आन्तरिक तथा बाह्य पर्यटकहरुको आवास व्यवस्थाका लागि होमस्टे संचालनका लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

३.९. तामाङहरुको वस्ती हेर्दै हिड्ने गरि तामाङ हेरिटेज **Trail** (पदमार्ग) निर्माण कार्यलाई निरन्तरता दिईनेछ साथै गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा प्रवर्द्धन गर्नको निम्ति पालिकास्तरीय पदमार्ग निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

३.१०. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३.११. तारकेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक पहिचान झल्कने परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको संरक्षण, संबर्धन र प्रवर्द्धन गरिनेछ।

३.१२. अन्तरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थानीय तहहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

४. **सहकारी:**

४.१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि सहकारी सिद्धान्त बमोजिम भए नभएको अनुगमन गरी प्रोत्साहन तथा कारबाहीको नीति अवलम्बन गरिनेछ।

४.२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, नीजि फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाउने नीति लिइनेछ।

४.३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी स्वरोजगारीको अवसर श्रृजनाको माध्यमबाट गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म सामाजिक विकास तर्फ लिइएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छुः

## ग. सामाजिक विकास तर्फ

### १. शिक्षा

१.१. अध्यक्षसँग बालबालिका कार्यक्रमलाई निरन्तरता दिदैं थप प्रभावकारी बनाउन विभिन्न क्षेत्रका प्रतिभावान विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने साथै अध्यक्षसँग आमा बुवा छोरा छोरी सहित अभिभावक कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१.२. गाउँपालिका भरिबाट एस. ई.ई. तथा कक्षा १२ को परिक्षामा उत्कृष्ट शैक्षिक उपलब्धी हासिल गर्ने विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.३. प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब असहाय तथा जेहेन्दार विद्यार्थी हरुलाई **उपाध्यक्ष छात्रवृति** कार्यक्रमलाई निरन्तरता दिईनेछ, साथै विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष शैक्षिक प्याकेज सञ्चालन गरिनेछ।

१.४. विद्यालयमा मौलिक पहिचान झल्किने जातिय पोशाकलाई निरन्तरता दिइनेछ । शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषिक शिक्षा निर्देशिका जस्ता कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिनेछ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय अनुगमन तथा निरीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.५. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

१.६. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रमलाई समय सापेक्ष संसोधन गरि कार्यान्वयन गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ। सबै विद्यालयहरुमा नेपाल स्काउटलाई विस्तार गरिदै विद्यार्थी र शिक्षक शिक्षिकाहरुमा अनुशासित र नैतिक व्यवहारको शिक्षाको विकास गरिनेछ ।

१.७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ साथै गाउँपालिका स्तरीय विषयगत शिक्षक समूह गठन गरी शिक्षक क्षमता विकास कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१.८. **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मान्यता अनुसार बालमैत्री शासन पद्धति अनुरुप बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेधको नीतिलाई निरन्तरता दिइनेछ।

१.९. सबै विद्यालयहरुमा क्रमशः पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको लागि निरन्तरता प्रदान गरिनेछ र यस गाउँपालिकाको शैक्षिक विकासको लागि तीन बर्षे गाउँ शिक्षा योजना निर्माण गरी लागु गरिनेछ।

१.१०. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली **(EMIS)** लाई निरन्तरता दिइनेछ।

१.११. तारकेश्वर गाउँपालिका भित्रका शिक्षक शिक्षिकाहरु कार्यक्षेत्रमा रहदा अकस्मात दुर्घटना भई घाईते भएमा गा.पा. को शिक्षक कल्याणकारी कोषबाट उपचार लागि सहयोगको व्यवस्था गरिनेछ।

१.१२. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ । सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिबृद्धिका लागि एकिकृत विद्यालय व्यवस्थापन सुधार तथा अभिबृद्धि कार्यक्रम सञ्चालन गरी ***गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा*** भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याईनेछ।

१.१३. तत्कालको अवस्थामा तामाङ जातिको बाहुल्यता भएको बस्ती र बसोबास क्षेत्रमा घुम्ति शिक्षण सेवाको माध्यमबाट तामाङ भाषाको पठन पाठनका व्यवस्था गरिनेछ।

१.१४. दाङसिङ माध्यमिक विद्यालयमा कक्षा ११-१२ संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

## २. स्वास्थ्य

२.१. घरघरमा स्वास्थ्य सेवा पुर्‍याउने अभियान अन्तरगत टोल/बस्तीहरुमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रमहरु उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२.२. भौगोलिक बनावट मध्येनजर गर्दै जनचाहना अनुरुप तारकेश्वर गाउँपालिकाको वडा नं. १,५,६, को पुर्वी भेग र वडा नं. २,३,४ को पश्चिमी भेगमा विरामीहरुको उपचारका लागि समयमै स्वास्थ्य चौकी, अस्पताल सम्म पुर्‍याउन एम्बुलेन्स सेवालाई विस्तार गर्न थप साधनहरुको प्रभावकारी रुपमा व्यवस्थापन र प्रबन्ध गरि जनताहरुको स्वास्थ्य सेवाको पहुँचमा सहजता ल्याइनेछ। । आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको

स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान सहुलियतपुर्ण / निशुल्क एम्बुलेन्स सेवा प्रबन्ध गरिनेछ।

२.३. आयुर्वेद र होमियोप्याथी जस्ता प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रम हरुको उच्च प्राथमिकताका साथ व्यवस्था गरिनेछ । स्वास्थ्यका लागि योग कार्यक्रम पहिचान गरी योग तथा ध्यान केन्द्रको निर्माण गर्न आवश्यक व्यवस्थाको प्रबन्ध मिलाइनेछ ।

२.४. सामाजिक सुरक्षाको कार्यक्रमसँगै अध्यक्षसँग ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई उच्च प्राथमिकताकामा राख्दै निशुल्क औषधोपचार र औषधी वितरण लाई निरन्तरता दिईनेछ।

२.५. साथै मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको विशेषज्ञ बाट निःशुल्क जाँचको साथै दिर्घ रोग हरु पहिचान गरि आर्थिक सहायता प्रदान गर्ने आवश्यक प्रबन्ध मिलाईनेछ।

२.६. **विषादी मुक्त र पोषण युक्त स्थानीय खाद्य वस्तु उपभोग गरौ र स्वस्थ र निरोगी बनौ"** भन्ने मुल नारालाई सार्थकता दिन आवश्यक नीति बनाई उच्च प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।

२.७. संघीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसंग तालमेल हुने गरी स्वास्थ्य कार्यक्रमहरुलाई प्रभावकारी वनाउँन थप बजेट व्यवस्था गरिने छ ।

२.८. तारकेश्वर गाउँपालिका भित्रका सवै वस्ती टोल टोलमा स्वास्थ्य सेवाको पहुँच वृद्दी गर्न घुम्ती स्वास्थ्य क्लिनिक वस सेवा संचालन ल्याइने छ,उक्त घुम्ती वस सेवामा स्वास्थ्यकर्मीले सवै प्रकारका रोगहरुको पहिचान, निदान, उपचार र परामर्श सेवा संचालन गर्न आवश्यक व्यवस्था गरिने छ ।

२.९. यस गाउँपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरुवाट प्रदान गर्दै आएका स्वास्थ्य सेवालाई थप गुणस्तरीय वनाउँन र औषधी उपकरणको अभाव हुन नदिन बजेट विनियोजन गरिने छ । साथै गाउँपालिका भित्र  विस्तार गरेका थप आधारभुत स्वास्थ्य इकाई केन्द्रहरुमा आवश्यक कार्यालय संचालन सामाग्रीहरु, उपकरण,जनशक्ति र स्वास्थ्य सुचना सामाग्रीहरु उपलब्ध गराइने छ ।

२.१०. यस गाउँपालिकाका सवै वडाहरुमा वालवालिकाहरुलाई गुणस्तरीय नियमिति खोप दिलाउँन खोप सुदृढिकरण, पूर्ण खोप सुनिश्चित तथा दिगोपना कायम राख्न खोप कार्यक्रम संघीय सरकारको साझेदारीमा उच्च प्राथमिकताका साथ सवै वडाहरुमा संचालन गरिने छ ।

२.११. गाउँपालिका स्तरमा महामारी रोग नियन्त्रण तथा विपद व्यवस्थापन आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोप व्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गरिने छ ।

२.१२. गाउँपालिका वासीन्दालाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरि थप गुणस्तर र प्रभावकारी वनाउँन पालिकाकाको स्वास्थ्य निति र स्वास्थ्य ऐन तर्जुमा गरी कार्यन्वयनमा लगिने छ ।

२.१३. स्वास्थ्य संस्थामा हुने सुत्केरी दरलाई वढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउँन स्वास्थ्य संस्थामा सुत्केरी गराउँन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

२.१४. क्यान्सर, मृगौला, हेड इन्जुरी, पार्किनसन स्पाइनल इन्जुरी सिकलसेल एनिमिया र अल्जाइमर लगाएत ८ प्रकारको रोगहरुको मासिक उपलब्ध गराउँदै आएको रु ५,००० (पाँच हजार) रकम र अन्य सुविधाहरु गाउँपालिका सरकारले संघ र प्रदेश सरकारको संमन्वय गरि थप उपचार र उपचार खर्च सरल तरिकाले भुक्तानीको व्यवस्था मिलाइने छ।

२.१५. गाउँपालिका भित्रका टोल वस्तीहरुमा रोगको प्रकृति हेरी महिला,बालबालिका,जेष्ठ नागरिकहरुलाई लक्षित गरि रोगहरुको विशेषज्ञ चिकित्सहरु आमणन्त्रण गरि संघ, प्रदेशको संमन्वयमा स्वास्थ्य शिविर संचालन गरिने छ ।

२.१६. स्वास्थ्य कर्मचारीहरुलाई जनताको सेवा प्रवाहको कार्यलाई व्यवस्थित वनाउँन क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।आफ्नो कार्य सम्पादनमा उतकृष्ट, इमानदार कर्मचारीहरुलाई प्रोत्साहान तथा पुरस्कारको व्यवस्था गरिने छ ।

२.१७. स्वास्थ्य सेवाको सुचना पहुँचमा वृद्दी गरी, आधुनिक सुचना प्रविधिमा प्रयोगमा ल्याइने छ। स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली र आपूर्ती व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्न स्वास्थ्य संस्थाहरुवाट अनलाइन माध्यमवाट प्रतिवेदन प्रविष्ट गर्न सवै संस्थाहरुमा इन्टरनेट जडान गर्ने र सवै स्वास्थ्य संस्थाहरुमा ल्यापटपको व्यवस्था गरिने छ ।

## ३. खानेपानी तथा सरसफाई

३.१. सबै नागरिकलाई आधारभुतस्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच सुनिश्चित गर्न **एक घर एक धारा** नीतिलाई सार्थकता दिन माग र स्रोतको उपलब्धतालाई ध्यान दिदैं खानेपानीको पहुँचलाई विस्तार गरी खानेपानी आपूर्तिको व्यवस्था मिलाइने छ ।

३.२. तारकेश्वरको गौरवको आयोजनाको रुपमा रहेको निर्माणाधिन जोरघट्ट खानेपानी आयोजनालाई सम्पन्न गरिनेछ। पुरानो बुधसिंङ खानेपानी आयोजना, सिरमाई खानेपानी, दर्शनटार खानेपानी तारकेश्वर ४ तारकेश्वर गाउँपालिकाको समन्वयमा बागमती प्रदेश सरकारबाट सञ्चालन गरिनेछ ।

३.३. खानेपानी तथा पूर्ण सरसफाइ उन्मुख पालिका निर्माणका लागि स्थानीय सरकारका साथै अन्य सरोकारवाला निकायहरु समेतको सहभागितालाई समेत जोड दिइनेछ ।

३.४. सरकारी तथा गैरसरकारी संघ संस्थाको एकिकृत सहकार्यमा समुदायसँगको पालिका क्षेत्रका नदिनाला, धार्मिक क्षेत्र तथा बजार क्षेत्र सरसफाई कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ ।

४. **युवा तथा खेलकुद**

४.१. युवा तथा बालबालिकाको क्षमता अभिबृद्धि गर्न **सप्ताह व्यापी पालिका स्तरीय अध्यक्ष कप खेलकुद कार्यक्रमलाई** निरन्तरता साथसाथै राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई समेत थप बजेट विनियोजन गरि खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४.२. विद्यालयका बालवालिकाहरुलाई शैक्षिक गतिविधिका अलावा मनोरञ्जनात्मक वातावरण सिर्जना गरि अन्तरनिहित प्रतिभालाई प्रस्फुटित गराउन खेलकुद तथा मनोरञ्जनका सामाग्रीहरु वितरण गरिनेछ ।

४.३. विद्यालयहरुमा विद्यार्थीहरुलाई अनुशासीत बनाउन स्थानीय स्काउटलाई क्रमशः प्रत्येक विद्यालयमा विस्तार गरिदै लगिनेछ ।

४.४. दाङसिङमा बनिरहेको पालिका स्तरीय खेलकुद रंगशालामा प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ तथा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. **सामाजिक समावेशीकरण**

५.१. अपाङ्गता भएका व्यक्तिहरुमध्ये वर्गिकरण पहिचान भएका अति अशक्त 'ख' वर्ग (निलो कार्ड) प्राप्त गरेका व्यक्तिहरुलाई स्वास्थ्य विमा कार्यक्रम नि: शुल्क गरिनेछ।

५.२. महिला शसक्तिकरणका लागि उद्यमशिलता विकास गर्ने कार्यक्रमहरुको व्यवस्था गर्दै महिलाहरुलाई स्वलम्वी तथा आत्मनिर्भर बन्न प्रेरित गर्न महिला साक्षतकार कार्यक्रम सञ्चालन गरिनेछ।

५.३. महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित, आदिवासी जनजाती पिछडिएका वर्गहरुलाई लैङ्गिक समानता एवं समावेशीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५.४. जनजातीको पहिचान संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक कार्यक्रम संचालन तथा जनजाति सामुदायिक भवन निर्माणको कार्यको सूचारु गरिनेछ ।

५.५. सबै नागरिकलाई न्यायको सहज पहुँच उपलब्ध गराउन तथा न्याय सम्पादनलाई प्रभावकारी बनाउन प्रत्येक वडामा सरोकारवालाहरु र मेलमिलापकर्ताहरुसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनुका साथै देवानी आचार संहिता र फौजदारी कानून सम्बन्धमा अभिमुखिकरण गरिनेछ ।

६. **धर्मसंस्कृति, कला साहित्य तर्फ**

६.१. स्थानिय पर्व, संस्कृति, परम्परागत कला साहित्य तथा रितिरिवाज संरक्षणका लागि आवश्यक कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

६.२. सबै समुदायको धार्मिक तथा सांस्कृतिक कला संस्कृति वैभवलाई उत्थान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६.३. बुधसिङ सांस्कृतिक कोटघर र तारुका कोटघरलाई क्रमशः निर्माण र व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६.४. तारुका गोरु जुधाई स्थल, पालछेङ्वा गङ, ऐतिहासिक कोटघर, तारकेश्वर महादेव मन्दिर, ढिकी जाँतो चुली, शिवालय मन्दिर, भुमेस्थान मन्दिर, जन्तरे गढी, डाडाखर्क गढी, गुम्बा तथा तामाङ संग्राहलय आदिको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

६.५. गाउँपालिका क्षेत्रमा निर्माण हुने निजि आवास, सामुदायिक भवन, होटल, आदिमा स्थानीय कला तथा संस्कृति झल्किने संरचनाको व्यवस्था गर्न आवश्यक नीति ल्याईनेछ ।

६.६. यस क्षेत्रको भाषा, कला, साहित्य आदिको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय परिचय सहितको पुस्तकहरु प्रकाशनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**गाउँसभाका सदस्ज्यूहरु,**

**घ. उद्योग तथा औद्योगिक व्यवसाय तर्फ**

१. स्थानीय क्षेत्रमा रहेका स्रोत र उत्पादनको समुचित उपयोग गरि स्थानीय उद्योग विकासको व्यवस्था गरिनेछ । उद्योग विकासको सम्भावनाको बृहत अध्ययन तथा अनुसन्धान गर्न संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरि त्यसका आधारमा उद्योग व्यवसाय संचालनका लागि विशेष पहल गरिनेछ ।

२. **उद्योग तथा औद्योगिक व्यवसाय सम्बन्धी** विद्यमान नीतिलाइ समयसापेक्ष सुधार गरि लगानीमैत्री वातावरण तयारीका लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. घरेलु उद्योग, साना उद्योग स्थापना तथा संचालनका लागि समेत आवश्यक व्यवस्था गरिनेछ। यसका लागि घरघरमा जडिबुटी रोपण कार्यक्रमलाइ अभियानकै रुपमा अघि बढाइनेछ ।

४. स्थानिय स्रोत साधनहरु बाँस निगालोको प्रयोग गरी डोको डालो डस्टविन नाङलो लगायत निर्माण गर्न प्रोतसाहन गरि त्यसता घरेलु सामग्रीहरुको सबै सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याइने निति बनाइनेछ।

**ङ. वातावरण तथा विपद व्यवस्थापन तर्फ**

१. प्राकृतिक तथा मानवीय कारण सृजित विपद्को रोकथाम तथा नियन्त्रणका लागि पालिका स्तर विपद् व्यवस्थापन समितिलाई आवश्यक रुपमा सक्रिय गरी हुनसक्ने क्षतिको न्यूनीकरण तथा प्रतिकार्यको लागि तदारुकतामा राखिनेछ । विकासात्मक कार्यहरु संचालन गर्दा दिगो र प्राकृतिक विपद जोखिम न्यूनिकरण हुने गरि गरिनेछ ।

२. सार्वजनिक क्षेत्र खाली पर्ति चौरहरुमा विभिन्न अन्य निकायसँगको सहकार्यमा वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका भित्र रहेका वन उपभोक्ता समितिहरुलाई एकिकृत गरि संरक्षण तथा नियमन गर्ने, त्यस्ता समितिबाट नियमानुसारको राजश्व संकलन गर्ने, वृक्षारोपण, तटवन्ध निर्माण, जल उत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि विविध कार्याक्रमहरु सञ्चालन गरिनेछ ।

३. प्राकृतिक प्रकोप तथा माहामारीको अवस्थामा तत्काल राहात उपलब्ध गराउन प्राकृतिक विपद सहायता कोष स्थापना आवश्यक बजेट सो कोषमा राखिनेछ ।

४. बढ्दो वातावरण प्रदुषण न्यूनिकरणका लागि गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालयहरुमा प्लाष्टिक मुक्त क्षेत्र बनाउने नीति ल्याइनेछ ।

**च. सुशासन तथा संस्थागत व्यवस्थापन तर्फ**

**१. सार्वजनिक सेवा प्रवाह**

१.१. सार्वजनिक सेवा प्रवाहमा स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शिता, भष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक रुपमा सूचना प्रविधिको अधिकतम प्रयोग गरि छिटो, छरितो जनताको समान र सहज पहुँच सुनिश्चित गरी विभिन्न सफ्टवेयरहरु सञ्चालन मार्फत सुशासनको प्रत्याभूति गरिनेछ ।

१.२. विद्यमान नीति कानूनलाई समय सापेक्ष तथा स्थानीय समस्या समाधान उन्मुख बनाउन संघीय तथा प्रदेश कानून समेतको अध्ययन गरि आवश्यकता अनुसार संशोधन तथा नयाँ निर्माण कार्यलाई निरन्तरता गरिनेछ ।

१.३. सेवा प्रवाहमा चुस्तता ल्याउनको निम्ति राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गर्न प्रोत्सहानका कार्यक्रम राखिनेछ तथा कार्यसम्पादन मुल्याङकनको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१.४. जनतासँग जनप्रतिनिधि कार्यक्रम संचालन गरी सरकार र नागरिकबीचको सम्बन्ध थप मतबुत बनाउन आवश्यक कार्य गरिनेछ ।

१.५. नीतिगत सुझाव प्राप्तिका लागि रचनात्मक कार्यको रुपमा महिला सभा, बाल सभा जस्ता पपुलर फोरमहरु संचालनका लागि थप बजेट विनियोजित गरिनेछ ।

१.६. प्रविधिको प्रयोग तथा सूचनामा पंहुच अभिवृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरुलाई सूचना प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला संचालन गरिनेछ।

१.७. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित **Biometric Verification** अनिवार्य गरिनेछ । उक्त प्रणाली प्रयोगका लागि वडामा कार्यरत सचिव तथा कर्मचारीहरुलाई आवश्यक तालिम संचालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमसँगै अध्यक्षसँग जेष्ठ नागरिक कार्यक्रम, लगायत अन्य विविध कार्यक्रमलाई एकिकृत रुपमा सञ्चालन गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१.८. प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न विभिन्न निकायहरुसँगको समन्वयमा स्थानीय विपद समितिबाट पुर्वतयारी तथा प्रतिकार्य योजना मार्फत पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्ने र हटलाइन नम्बरलाई थप प्रभावकारी बनाउन चौविसै घण्टा सञ्चालन गरिनेछ ।

१.९. सेवा प्रवाहलाई प्रभावकारी बनाउन वडा कार्यालयहरुमा नागरिक बडापत्रको व्यवस्था गरिनेछ । पालिकाभित्रका विभिन्न निकायमा समन्वय र सहजताको लागि ग्रुप एसएम एस सेवा सुरु गरिनेछ ।

१.१०. गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजिनक सम्पतिको उचित व्यवस्थापन, संरक्षण र सम्वर्द्धनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१.११. न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ । न्याय सम्पादन कार्यलाई आम नागरिकको लागि सरल र पहुँचयोग्य बनाउन आवश्यक प्रबन्ध गरिनेछ ।

१.१२. समृद्ध तारकेश्वर निर्माणका लागि तारकेश्वर पालिका क्षेत्रमा क्रियाशील सबै सामाजिक संघ-संस्थाहरु संग आवश्यक समन्वय, सहकार्य र साझेदारी मार्फत सामाजिक परिचालनमा जोड दिइनेछ ।

१.१३. भुक्तानी प्रक्रियालाई सरलिकरण गर्नाका लागि विद्युतीय भुक्तानी प्रणाली पूर्ण कार्यान्वयनमा ल्याइनेछ। कार्यालयको योजना प्रणालीलाई सफ्टवेयरमा आबद्ध गराउन आवश्यक प्रबन्ध गरिनेछ ।

१.१४. सार्वजनिक सेवाको सहज पहुँच भन्दा बाहिर रहेका दुर्गम भेगका नागरिक, शारिरीक अपांगता भएका नागरिक, जेष्ठ नागरिक आदिका लागि घरदैलोमा सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१.१५. नागरिकको जनगुनासो सम्बोधन गर्नका लागि सार्वजनिक सुनुवाई तथा गुनासो सम्बोधन कार्यक्रम सञ्चालनलाई निरन्तर गरिनेछ ।

१.१६. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान कार्य सुचारु गरिनेछ र सोलार बत्ती जडान कार्य थप बृद्धि गरिनेछ।

१.१७. गाउँपालिकाबाट सञ्चालन हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

१.१८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना **(MTEF)** चक्रिय बजेट प्रणालीलाई प्रयोगमा ल्याइने छ।

## २. राजस्व सुधार तर्फः

स्थानीय सरकारले जनताको नजिकमा रही घरदैलोमा पुगी जनमुखी सेवाप्रवाह गर्ने अभिभारा पुरागर्नु प्रमुख दायित्व रहेको छ । साथै जनतालाई शासन प्रक्रियामा सहभागी गराउँदै जनआकांक्षा अनुरुप स्थानीय स्रोत, साधन तथा सीपको प्रयोग मार्फत आर्थिक समृद्धि हाँसिल गर्नु त्यतिनै चुनौतिपुर्ण रहेको छ । स्थानीय सरकारले संविधानले दिएको एकल राजश्व अधिकारको बिषयमा आवश्यक कानून तर्जुमा गरी राजश्व संकलन बृद्धि गर्दा स्थानीय समुदायको राजश्व तिर्न सक्ने क्षमतालाई प्रभावित नहुने गरी आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गरिनेछ । आम नागरिकलाई ***कर भार होइन दायित्व हो*** भन्ने विश्वासका साथ करको दायरा विस्तार गरिनेछ ।

गाउँपालिकाले आगामी आ.व. मा राजश्व प्रशासनमा सुधार गरी राजश्व संकलन वृद्धि गर्न देहायका कार्यक्रमहरु संचालन गरिनेछ ।

२.१. त्रिशुली नदि किनारको ढुङ्गा, गिट्टी वालुवालाई दिगो उपयोग गरी राजश्व संकलन गर्न आगामी आ.व.२०८१।०८२ को सुरुवातमा नै संक्षिप्त वातावरणीय प्रभाव मुल्याङ्कन गरी सो प्रतिवेदन बमोजिक ठेक्का प्रक्रिया मार्फत राजस्व संकलनलाई थप प्रभावकारी बनाईनेछ।

२.२. बिद्युतीय सरकारको सपनालाई साकार पार्न पालिका र सम्पुर्ण वडा कार्यालयहरुमा राजश्व संकलन गर्न राजश्व व्यवस्थापन सुचना प्रणाली थप पभाकारी रुपमा सञ्चालन गरिनेछ।

२.३. पालिकाबाट बाहिर निकासी हुने नदिजन्य पदार्थ, काठ, दाउरा माटो लगायत कर लाग्ने बस्तुहरुको निकासी कर संकलन गर्नको निम्ति निकासी बिन्दुमा कर संकलन केन्द्र निर्माण गरी राजस्व प्रणालीलाई थप प्रभाकारी बनाईनेछ ।

२.४. कर प्रशासनलाई मितव्ययी र सहज पहुँचयोग्य बनाइनेछ । यसका लागि अनलाइन पेमेन्ट, डिजिटल पेमेन्ट जस्ता अत्याधुनिक प्रविधिहरुको अवलम्बन गरिनेछ ।

२.५. पालिकाको दिगो आयको रुपमा पहिचान गर्न राजस्वका संभाव्य क्षेत्र पहिचान गरि दर र दायरालाई समय सापेक्ष बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

२.६. गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । **हाम्रो गाउँपालिका हाम्रो कर, तारकेश्वर सम्वृद्धि र विकासको भर** भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था गरिनेछ ।

२.७. तारकेश्वर गाउँपालिका भित्र सञ्चालनमा रहेका योजनाका लागि आवश्यक ग्राभेल (प्रशोधन नगरिएको ढिस्काको बालुवा, ग्राभेल) तारकेश्वर गाउँपालिकाको आर्थिक ऐन २०८१ मा व्यवस्था भए बमोजिम रोयल्टी दस्तुर असुल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अन्त्यमा, यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट समृद्ध नेपाल, सुखी नेपाली राष्ट्रियआकांक्षा पूरा गर्न समृद्ध तारकेश्वर, सुखी तारकेश्वर वासीको गन्तव्यमा पुगी स्थानीय सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, अधिकार, सुरक्षा, र उचित सम्मानको प्रत्याभूति गरिनेछ । यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु । अन्त्यमा, गाउंपालिकाको समग्र विकासमा योगदान पुर्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सामाजिक अभियन्ता, युवा क्लव, आमा समूह, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**शिव अधिकारी**
**अध्यक्ष**